# उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधी, २०७४

**प्रस्तावना :**

स्थानीय स्तरमा नै रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गरी विद्यमान वेरोजगारीको दर , गरिवी तथा विदेश पलायनको अवस्थालाई न्यूनिकरण गर्न,

स्थानीय कच्चा पदार्थ, स्रोत साधन, सीप र जनशक्तिको अधिकतम उपयोग गरी घरेलु तथा साना उद्योगहरुको विकास र विस्तार तथा उद्यमशिलताका विभिन्न आयामहरुको विश्लेषण मार्फत व्यक्तिलाई श्रम तथा व्यवसायमा आवद्ध गराई व्यक्तिभित्रको अविश्वास र निरासालाई हटाउँदै आत्मनिर्भरताको माध्यामबाट जागरुक बनाई स्वावलम्बी तुल्याउन,

स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी गुणस्तरिय मालसामान एवं. सक्षम जनशक्तिको निर्माण मार्फत निर्यातिलाई प्रोत्साहन र आयातलाई विस्थापन गरी वर्तमान विश्वव्यापीकरण तथा उदारीकरणबाट सिर्जीत अवसरहरुको अधिकतम उपयोग र चुनौतिहरुको सामना गर्न उद्योग तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धि कार्यविधि बनाउन वाञ्छनिय भएकोले, आठविसकोट नगरकार्यपालिकाले उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४" रहेको छ ।

१.२ यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ भन्ने बुझ्नुपर्छ ।

(ख) "कोष" भन्नाले उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष भन्ने बुझ्नुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले आठविसकोट नगरकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

(घ) "उद्योग" भन्नाले स्थानीय कच्चा पदार्थ, स्रोत साधन तथा सिपको अधिकतम उपयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्न स्थापित साना तथा घरेलु उद्योगलाई बुझ्नुपर्छ ।

(ङ) "उद्यमशीलता" भन्नाले नाफाको लागि कुनै पनि प्रकारको जोखिमको सामना गर्दैव्यापार तथा व्यवसाय विकास, संचालन तथा व्यवस्थापन गर्न सक्ने प्रतिष्पर्धात्मक क्षमता र इच्छाशक्तीलाई बुझ्नुपर्छ ।

(च) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिका बुझ्नुपर्छ ।

(छ) "नगरसभा" भन्नाले आठविसकोट नगरसभा बुझ्नुपर्छ ।

(ज) "वित्तिय संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र वित्तिय कानून बामेजिम वित्तिय कारोवार गर्ने बैंक तथा वित्तिय संस्थाहरु, ऋण तथा बचत सहकारी संस्थाहरुलाई बुझ्नुपर्छ ।

(झ) "समिति" भन्नाले यस कार्यविधिको बुंदा नं. १६ बमोजिम गठन हुने उद्योग तथा उद्यमशीलता प्रवर्द्धन समिति सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोषको स्थापना र संचालन

### ३. कोष स्थापना

उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष नामक एक कोषको स्थापना नगरपालिकामा हुनेछ ।

### ४. कोषमा जम्मा गरिने रकम

नगरपालिकाको संचित कोषबाट उद्योग तथा वाणिज्य र सहकारी प्रवर्द्धनको लागि नगरसभाबाट विनियोजित रकम, संघीय सरकार वा प्रदेश सरकारबाट उद्योग तथा उद्यमशीलता प्रवर्द्धन, सहकारी तथा युवा स्वरोजगार लगायतको लागि प्राप्त अनुदान यस कोषमा जम्मा गरिनेछ ।

## परिच्छेद २
## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

### ५. अवधारणा

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

आठविसकोट नगरपालिकाभित्रनगरपालिकाको नीति तथा कार्यक्रम अनुसार सञ्चालन हुने उद्योग एवं उद्यमशीलता सम्बन्धि योजना कार्यान्वयन गर्न, स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग, उद्यमशीलता प्रवर्द्धन सम्बन्धि व्यापार तथा व्यवसाय, कृषि तथा व्यवसायमा आधारित वचत तथा ऋण सहकारी संस्थाहरुलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग,रोजगारी सिर्जना गर्न सक्ने आयआर्जनमा आवद्ध उद्यमीहरुलाई प्रोत्साहन गर्न, ऋण तथा अनुदान प्रदान गर्न सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

### ६. लक्ष्य

आठविसकोट नगरपालिकाभित्र नगरपालिकाको नीति तथा कार्यक्रम अनुसार सञ्चालन हुने उद्योग एवं उद्यमशीलता सम्बन्धि योजना कार्यान्वयन, स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग, उद्यमशीलता प्रवर्द्धन सम्बन्धि व्यापार तथा व्यवसाय, कृषि तथा व्यवसायमा आधारित वचत तथा ऋण सहकारी संस्थाहरु र उद्यमीहरुलाईसहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग प्रदान गरी उद्योग तथा उद्यमशीलताको प्रवर्द्धन मार्फत स्वरोजगारी एवं रोजगारीको अवसरहरुको सिर्जना गर्दैविद्यमान गरीबी एवं वेरोजगारीको अवस्थालाई न्यूनिकरण गरी समाजवादमा आधारित समृद्ध र समुन्नत नगरको निर्माण गर्नु यसको लक्ष्य रहेको छ ।

### ७. उद्देश्य

७.१ स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगसँग सम्बन्धित उद्यमीलाई सहुलियतपूर्ण ऋण तथा अनुदान प्रदान गर्नु,

७.२ नगरसभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम अनुसार नगरपालिका स्वयम् वा साझेदारीमा संलग्न भई संचालन हुने उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्नु,

७.३ कृषि तथा व्यवसायमा आधारित वचत तथा ऋण सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्नु तथा लक्षित वर्ग क्षेत्र समुदायको त्यस्ता वचत तथा ऋण सहकारी संस्थामा संस्थागत शेयर निर्माण गरी पुँजीको परिचालन गर्नु,

### ८. नीति

८.१ स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित उद्योगहरुलाई प्रोत्साहन गर्ने,

८.२ कृषि व्यवसायमा आधारित सहकारी संस्थाहरुलाई प्रोत्साहन गरी ती संस्थाहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायका नागरिकहरुको संस्थागत शेयर निर्माण मार्फत पुँजीको परिचालन गर्ने,

८.३ परम्परागत व्यवसाय तथा उद्योगहरुलाई क्रमिकरुपमा आधुनिकरण, यान्त्रिकरण र विविधिकरण गर्दै कम श्रम र लगानीमा उच्च प्रतिफल दिन सक्ने उद्योग, व्यवसाय र व्यापार प्रवर्द्धन गर्दै आत्मानिर्भरताको माध्यामबाट गरीबी तथा बेरोजगारीको अवस्था न्यूनिकरण गर्ने ।

## परिच्छेद ३
## कोषको संचालन तथा व्यवस्थापन

### ९. कोषको व्यवस्थापन

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी आठविसकोट नगरपालिका स्वयम्ले कोषको व्यवस्थापनगर्नेछ ।

९.२ कोषको रकम देहायका कार्य गर्न खर्च गरिनेछ :-

(क) नगरसभाबाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसारका उद्योग, वाणिज्य तथा सहकारी क्षेत्रका स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न,

(ख) स्थानीय कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित घरेलु तथा साना उद्योगसँग सम्बन्धित उद्यमीलाई प्रोत्साहन स्वरुप सहुलियतपूर्ण ऋण तथा अनुदान प्रदान गर्न,

(ग) लक्षित वर्ग, क्षेत्र र समुदायको कृषि व्यवसायमा आधारित बचत तथा ऋण सहकारी संस्थामा संस्थागत शेयर निर्माण गर्नको लागि सहुलियतपूर्ण ऋण तथा अनुदान प्रदान गर्न,

(घ) सहुलियत दरमा वस्तु तथा सेवा प्रदान गर्न नगरपालिकाको लगानी, ऋण तथा अनुदानमा संचालित डिपार्टमेन्टल स्टोर, पसल र व्यवसायहरुलाई प्रोत्साहन गर्न,

(ङ) युवा स्वरोजगारसँग सम्बन्धित व्यवसाय संचालन तथा प्रवर्द्धन गर्न,

(च) संघीय सरकार, प्रदेश सरकार र नगरकार्यपालिकाले निर्धारण गरेका उद्योग तथा उद्यमशीलता सम्बन्धी अन्य कार्यहरु गर्न ।

### १०. कोषको संचालन

१०.१ कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१०.२ कोषको संचालन र व्यवस्थापन सम्बन्धि अन्य व्यस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## ऋण तथा अनुदान परिचालन र वितरण सम्बन्धि कार्यविधि

आठविसकोट नगरपालिका रुकुम(पश्चिम)

## ११. ऋण तथा अनुदान सम्बन्धि कार्यविधि

११.१ कुनै स्थानीय कच्चा पदार्थ, स्रोत साधन र सीपमा आधारित उद्योग वा उद्यमीले उद्योग वा व्यवसाय संचालन र प्रवर्द्धनको लागि देहायका कागजातहरु संलग्न गरी ऋण तथा अनुदान माग गर्न सक्नेछ :-

(क) उद्योग वा व्यवसाय दर्ता प्रमाणपत्र,

(ख) गत आ.व. सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण, व्यवसायिक लेखा परिक्षणको प्रतिवेदन,

(ग) कालो सूचीमा नपरेको, व्यवसायिक शुद्धता कायम रहेको भनि स्वयम् शुद्धताको घोषणा,

(घ) प्राप्त ऋण वा अनुदान कुन क्षेत्रमा प्रयोग गर्न खोजेको हो सोको यथार्थ विवरण,

(ङ) सहकारी संस्थाको हकमा संस्थाको विनियम, वार्षिक साधारणसभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन, बार्षिक कार्यक्रम नीति तथा योजना,खुद बचत सम्बन्धी नीति तथा योजना,सञ्चालकको नाम तथा बाँकी कार्यविधिको सूची,साधारणसभाको बैठक सम्बन्धी जानकारी, शेयर सदस्य संख्या र शेयरपूँजी, सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,दर्ता गर्ने अधिकारीलेसमय समयमा तोकिदिएको अन्य विवरण,

११.२ कोषबाट एउटा उद्यमी वा सहकारी संस्था वा व्यवसायलाई प्राप्त प्रस्तावको आधारमा कूल लगानीको ३५ प्रतिशत ऋण र बाँकी १५ प्रतिशत अनुदान गरी बढिमा ५० प्रतिशत रकम उपलब्ध गराईनेछ ।

११.३ उद्योग, उद्यमी, व्यवसाय वा सहकारी संस्थालाई प्रदान गरिने ऋणको व्याजदर ६ प्रतिशतमात्र हुनेछ ।

## १२. ऋण तथा अनुदानको परिचालन र वितरण वित्तिय संस्था मार्फत हुने

१२.१ कोषमा जम्मा भएको रकममध्ये नगरसभाबाट स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार उद्योग तथा वाणिज्य, सहकारी, युवा स्वरोजगार लगायतको शीर्षकमा ऋण तथा अनुदान दिने भनि विनियोजन भएको रकम नगरपालिका क्षेत्रभित्र उपलब्ध वित्तिय संस्था मार्फत परिचालन र वितरण हुने व्यवस्था मिलाईनेछ ।

१२.२ बुँदा नं. १२.१ मा उल्लेख भएअनुसारको कार्य गर्न पहिलो पटक नगरपालिका क्षेत्रभित्र रहेका वित्तिय संस्थाहरुसँग प्रस्ताव माग गरिनेछ ।

१२.३ प्राप्त प्रस्तावको आधारमा वित्तिय संस्थाको छनौट गरी ऋण तथा अनुदान परिचालन र वितरणको व्यवस्था गरिनेछ ।

## १३. ऋण प्रदान गर्ने सम्बन्धमा वित्तिय संस्थाले अवलम्बन गर्ने प्रचलित कानूनहरुको पालना गर्नुपर्ने

१३.१ कोषबाट उद्यमी, उद्योग, व्यवसाय वा सहकारीलाई ऋण प्रदान गर्दा बुँदा नं. १२ अनुसार छनौट भएको बैंक तथा वित्तिय संस्थाले ऋण प्रदान गर्ने सम्बन्धमा उक्त वित्तिय संस्थाले अवलम्बन गर्ने प्रचलित कानूनहरुको पालना गर्नुपर्नेछ ।

१३.२ एउटा उद्यमी, उद्योग, व्यवसाय वा सहकारीलाई बढिमा २ वर्षको लागि बुँदा नं. ११.३ मा उल्लेख भए अनुसारको दरमा ऋण उपलब्ध गराउन सकिनेछ । प्राप्त ऋणमध्ये ऋण प्राप्त गरेको मितिले चार/चार महिनामा ब्याज सम्बन्धित बैंक तथा वित्तिय संस्थामा बुझाउनुपर्नेछ । तोकिएको अवधिभित्र सावाँ तथा व्याज भुक्तानी नगर्ने उद्यमी, उद्योग, व्यवसाय वा सहकारीलाई प्रचलित बैंकिङ्ग कसुर तथा सजाय सम्बन्धी कानून बमोजिम ऋण प्रदान गर्ने बैंक मार्फत दण्ड सजाय गरिनेछ ।

१३.३ नगरपालिकासँगको सम्झौता अनुसार कानून बैंक तथा वित्तिय कारोवार सम्बन्धी कानून बमोजिम हिसाबकिताव राख्नु र सावाँ तथा ब्याज समयमा नतिर्ने ऋणीलाई बैकिङ्ग कसुर तथा सजाय सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्नु सम्बन्धित वित्तिय संस्थाको कर्तव्य हुनेछ ।

## १४. डिपार्टमेन्टल स्टोर, सहुलियत दरका बस्तु तथा सेवा प्रदान गर्ने पसलहरु संचालन गर्न सकिने :-

१४.१ नगरपालिका स्वयम्ले वा निजी क्षेत्रसँग साझेदारी गरी एकीकृत वस्तु तथा सेवा प्रदान गर्न, रोजगारी सिर्जना गर्न एवं उपभोक्तालाई सहुलियत दरमा वस्तु तथा सेवा उपलब्ध गराउन डिपार्टमेन्टल स्टोर, सहुलियत मूल्यमा वस्तु तथा सेवा प्राप्त हुने पसलहरु संचालन गर्न सकिनेछ ।

१४.२ त्यस्ता डिपार्टमेन्टल स्टोर, पसल संचालनको लागि नगरपालिकाले निश्चित सेवा तथा सुविधा प्राप्त गर्ने गरी आवश्यक संख्यामा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१४.३ सहुलियत दरमा वस्तु तथा सेवा प्रदान गर्नु, रोजगारीका व्यापक अवसर सिर्जना गरी बेरोगारीको दरमा न्यूनिकरण गर्नु र नगरपालिकाको आन्तरिक आम्दानी बढाउनु यसको उद्धेश्य हुनेछ ।

## १५. युवा स्वरोजगार सम्बन्धी कार्यविधि

१५.१ नगरपालिकामा व्यापक रुपमा रोजगारीका अवसरहरु सिर्जना गर्दै स्वरोजगार मार्फत युवा जनशक्तिलाई व्यवसायिक कृषि, पशुपालनमा आवद्ध गर्न बुँदा नं. १४ बाहेक नगरपालिका क्षेत्रभित्र व्यवस्थित वधशाला, दूग्ध उद्योग, जुस उद्योग, नाई व्यवसाय इत्यादीको संचालन गर्न कोषबाट ऋण तथा अनुदान प्रदान गर्न सकिनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

१५.२ संभाव्यता अध्ययन गरी नगरपालिका क्षेत्रभित्र धेरै संख्यामा रोजगारी प्रदान गर्न सकिने काष्ठ उद्योग, क्रसर उद्योग समेत संभव भएसम्म निजि क्षेत्रसँगको सहकार्य र नभएमा नगरपालिका स्वयम्ले समेत संचालन गर्न सक्नेछ ।

## परिच्छेद ५
## उद्योग तथा उद्यमशीलता प्रवर्द्धन समिति

१६. समितिको गठन

१६.१ यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु कार्यान्वयन गर्न देहायका व्यक्तिहरु रहेको एक उद्योग तथा उद्यमशीलता प्रवर्द्धन समितिको गठन गरिनेछ :

(क) नगर प्रमुख वा निजले तोकेको पदाधिकारी - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी- सदस्य

(ग) नगर कार्यपालिका सदस्य दुई जना - सदस्य

(घ) उद्योग तथा उद्यमशीलतामा आवद्ध व्यक्तिहरुमध्येबाट प्रमुखले तोकेको व्यक्तिहरु दुई जना - सदस्य

(ङ) नगरभित्रका बैंक तथा सहकारी संस्थाहरुबाट प्रतिनिधित्व हुने गरी दुई जना - सदस्य

(च) नगरपालिकाको उद्योग शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

१६.२ समितिको काम, कर्तव्य र अधिकार :- यस कार्यविधिमा उल्लेख भएअनुसारको लक्ष्य एवं उद्देश्य हासिल गर्न आवश्यक कार्य गर्नु समितिको कर्तव्य हुनेछ । यसका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्र उद्योग एवं उद्यमशिलता प्रवर्द्धनको लागि आवश्यक नीति, कानून एवं मापदण्ड बनाई नगर कार्यपालिकाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

(ख) नगरपालिकाबाट उद्यमीलाई दिईने अनुदान तथा ऋण सम्बन्धी आवश्यक मापदण्ड बनाई लागू गर्ने,

(ग) साना तथा घरेलु उद्योगहरुको आवश्यकता पहिचान गरी संचालनको लागि आवश्यक पहल गर्ने,

(घ) संघ तथा प्रदेशसँग आवश्यक समन्वय गरी मझौला तथा ठूला उद्योग संचालनको लागि कार्य गर्ने,

(ङ) नगरपालिकाले तोकेका उद्योग तथा उद्यमशीलता सम्बन्धी अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५
## विविध

**१७. जाँचपास तथा फरफारक**

कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१८. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्न सक्नेछ

**१९. बचाउ र खारेजी**

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन तथा प्रचलित अन्य कानूनसँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरपालिकाको संचित कोषमामा स्वतः सर्नेछ ।

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मितिः २०७४/१२/२९ र ३०**

**प्रमाणिकरण मिति**
**२०७५/०२/०५**

आठबिसकोट नगरपालिका रुकुम(पश्चिम)